त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुगार, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०७७/०७८ मिति:२०७७/०९/०७

च.नं. : १६९४

श्री सामुदायिक विद्यालयहरु सबै,

विषयः राय सुझाव पेश गर्नु हुन ।

प्रस्तुत विषयमा त्रिवेणी गाउँ कार्यपालिकाको मिति २०७७।०९।०४ गतेको निर्णय अनुसार त्रिवेणी गाउँपालिकाको विद्यालय समायोजन,शिक्षक दरबन्दी मिलान तथा सरुवा व्यवस्थापन कार्यविधि,२०७७ को मस्यौदाको व्यापक अध्ययन गरी १५ गते भित्र आवश्यक राय,सुझाव पेश गर्न हुन जानकारी गराइन्छ । साथै उक्त कार्यविधिको मस्यौदा यसै पत्र साथ पठाइएको छ ।

२०७७।०९।०७

..........................

निम बहादुर के.सी.

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री वडाकार्यालयहरु सबै, आवश्यक सहजिकरण गरिदिनुहुन ।

# विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा सरूवा व्यवस्थापन कार्यविधि, २०७७ को मस्यौदा

गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत मितिः २०७७/०९/०४

**प्रस्तावना :** जनसांख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको संजालमा भएको वृद्धि, ठूला र आवासीय विद्यालय प्रतिको आकर्षण बढ्दै गएकोले विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधारणा बमोजिम सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाई वातावरणको सूनिश्चितता गर्दै त्यस्ता विद्यालयको सवलिकरण र सुदृढिकरण गर्न दुई वा सो भन्दा बढी विद्यालयहरू एक आपसमा समायोजन वा विद्यालयको तह तथा कक्षा घटुवा गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चत गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकुल बनाउन,

आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको शिक्षाको गुणस्तर सुधार गर्न र शिक्षक विद्यार्थी अनुपात मिलाउनको लागि आवधिक रूपमा आवश्यकता अनुसार दरबन्दी मिलान तथा व्यवस्थापनको कार्यलाई प्रकृयागत रूपमा सरल, सहज र पारदर्शी ढंगबाट कार्यान्वय गर्न,

साथै सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताको सरूवालाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा सरूवा व्यवस्थापन कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि त्रिवेणी गाउँपालिका अन्तर्गतका विद्यालयहरूको हकमा मात्र लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"कार्यविधि"** भन्नाले त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान, व्यवस्थापन तथा सरूवा मापदण्ड सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ।

(ख) **"ऐन"** भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) **"नियमावली"** भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०७४ सम्झनु पर्दछ।

(घ) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ।

(ङ) **"वडा"** वडा भन्नाले त्रिवेणी गाउँपालिका अन्तर्गतका वडाहरूलाई सम्झनु पर्दछ।

(च) **"गाउँ शिक्षा समिति"** भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(छ) **"विद्यालय"** भन्नाले प्रचलित कानून बमोजिम अनुमति र स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयलाई सम्झनु पर्दछ।

(ज) **"दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्दछ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी तथा राहत अनुदान समेतलाई जनाउँदछ।

## परिच्छेद–२
## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

३. **विद्यालय समायोजन गर्न सकिने** : (१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका सामुदायिक वा संस्थागत विद्यालयमध्ये एक विद्यालय अर्को विद्यालयको नजिकको दुरीमा रहेर सीमित जनसंख्यालाई सेवा पुर्याएको तर आधारभूत विद्यालय (१-३ वा १-५ वा १-८) वा माध्यमिक विद्यालय (९-१० वा ११-१२) का रूपमा सञ्चालन गर्न न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयहरूलाई देहायका आधारमा नजिकको सामुदायिकसँग गाभी एउटा विद्यालयमा कायम गर्न वा वा तह तथा कक्षा कक्षा घटाउन सकिनेछः-

(क) दुई वा सो भन्दा बढी विद्यालयको पैदल दुरी तीस मिनेटभन्दा कम रहेको,

(ख) कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने प्रयाप्त आधार नदेखिएमा,

| क्र.स. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | १५ | |
| २ | १-३ | ६० | |
| ३ | १-५ | १०० | |
| ४ | ६-८ | ६० | |
| ५ | ९-१० | ५० | |
| ६ | ११-१२ | ६० | |

तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा भौगोलिक रूपले विकट स्थानमा अलग्गै बस्ती भएको भएमा वा वडामा रहेको एकमात्र माध्यमिक विद्यालय पनि नरहने अवस्था देखिएमा त्यस्तो विद्यालयलाई माथि उल्लेखित विद्यार्थी संख्या नपुगेमा पनि गाभ्न बाध्य पारिनेछैन।

(ग) नजिकको दुरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सो भन्दा बढी विद्यालय,

(घ) जनसंख्या वृद्धिदर कम भएको, जनसंख्या वृद्धि घट्दो दरमा रहेको तथा भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू।

(२) सम्बन्धित विद्यालय, स्थानीय समुदाय तथा वडा कार्यालयको राय लिई गाउँ शिक्षा समितिले दुई वा दुई भन्दा बढी विद्यालय गाभी नयाँ विद्यालयमा स्थापना गर्न, विद्यालयको ठाँउ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउने कार्य गर्न सक्नेछ।

(३) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि गाउँ शिक्षा समितिको सिफारिसमा मालपोत कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा ३ बमोजिम सम्पत्ति दाखिल खारेज भएको व्यहोराको जानकारी गाउँपालिकाले सम्बन्धित मन्त्रालय तथा विभागलाई दिनु पर्नेछ।

(५) प्रारम्भिक बालशिक्षा कक्षा नपुगेका विद्यालयहरूमा एक भन्दा बढी प्रारम्भिक बाल शिक्षा कक्षा सञ्चालन भएका विद्यालयबाट स्थानान्तरण गरी व्यवस्थापन गरिने साथै सो हुन नसक्ने अवस्था भएमा गाउँपालिकाले प्रारम्भिक बाल शिक्षा कक्षाको अस्थायी कोटा सिर्जना गरेर प्रारम्भिक बाल शिक्षाको व्यवस्थापन गरिनेछ। यस कार्यविधि लागु हुनुभन्दा अगावै समायोजन भएका तथा पछि समायोजन हुने विद्यालयमा सञ्चालित प्रारम्भिक बाल शिक्षा कक्षा निर्धारित न्यूनतम मापदण्डमा सञ्चालन नभएको पाइएमा उक्त कक्षा अपुग भएका विद्यालयमा समायोजन गरिनेछ।

(६) गाउँपालिकाभित्र सञ्चालित दुई वा दुईभन्दा बढी विद्यालयहरूले विद्यालय समायोजन गर्नका लागि सम्बन्धित विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रधानाध्यापकको सिफारिस सहित गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा माग भई आएमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरूलाई समायोजन गर्न सक्नेछ।

(७) उपदफा ६ मा जुनसुकै कुरा उल्लेख लेखिएको भए तापनि गाउँपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूले गाउँपालिकाको गाउँ शिक्षा ऐन तथा नियमावलीले निर्धारण गरेको न्यूनतम पूर्वाधार र गुणस्तरीय शिक्षाका सूचकहरू पूरा नगरेमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयको स्थलगत अनुगमन गरी सम्बन्धित विद्यालयको सञ्चालक समिति र वडा कार्यालयको राय लिई गाभ्न वा बन्द गर्न सक्नेछ।

(८) संस्थागत विद्यालयहरूले साविकको जिल्ला शिक्षा कार्यालय वा यस गाउँपालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा सञ्चालन नगरेको पाइएमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा घटाउन वा हटाउन सक्नेछ।

४. **विकल्प सहित विद्यालयको कक्षा वा तह घटुवा हुनसक्ने** : (१) आधारभूत तथा माध्यमिक विद्यालयका रूपमा हाल सञ्चालनमा रहेका तर स्तरवृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयको लागि निम्न लिखित विकल्प दिई स्तरवृद्धि गरिनेछ -

(क) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तरवृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय तथा गाउँपालिकासँगको सहकार्यमा प्रारम्भिक बाल विकास केन्द्रको रूपमा सञ्चालन हुन पाउनेछन्।

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने प्राथमिक विद्यालयका रूपमा स्तरवृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयको रूपमा सञ्चालन हुन पाउनेछन्।

(ग) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तरवृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले कक्षा १-५ सम्मको प्राथमिक विद्यालयको रूपमा सञ्चालन हुन पाउनेछन्।

(घ) कक्षा १-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयका रूपमा स्तरवृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले कक्षा १-८ सम्मको आधारभूत विद्यालयको रूपमा सञ्चालन हुन पाउनेछन्।

(ङ) कक्षा १-१२ सम्म सञ्चालन अनुमति /स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयले कक्षा १-१० सम्मको माध्यमिक विद्यालयको रूपमा सञ्चालन हुन पाउनेछन्।

५. **समायोजन वा तह तथा कक्षा घटुवा भएका विद्यालयहरूलाई प्राथमिकता तथा प्रोत्साहन दिइने** : (१) दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा समायोजन भएमा त्यसरी समायोजन भएका विद्यालयहरू र तह तथा कक्षा घटुवा भएका विद्यालयहरूको भौतिक तथा शैक्षिक पक्षको सुदृढिकरणको लागि संघ, प्रदेश तथा गाउँपालिकाबाट प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकता दिइनेछ।

(२) दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा समायोजन भएमा त्यसरी समायोजन भएका विद्यालय र तह वा कक्षा कक्षा घटुवा भएका विद्यालयहरूलाई एक पटकका लागि गाउँपालिकाबाट देहायको दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ -

| क्र.स. | समायोजन भएका विद्यायको तह | | प्रोत्साहन रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | माध्यमिक | माध्यमिक | २० लाख | |
| २ | माध्यमिक | आधारभूत | १६ लाख | |
| ३ | माध्यमिक | प्राथमिक | १० लाख | |
| ४ | आधारभूत | आधारभूत | १६ लाख | |
| ५ | आधारभूत | प्राथमिक | १० लाख | |
| ६ | प्राथमिक | प्राथमिक | १० लाख | |
| ७ | तह/कक्षा घटुवाको हकमा प्रति कक्षा | | २ लाख | |

६. **विद्यालय समायोजन पश्चात गर्नुपर्ने शैक्षिक व्यवस्थापन** : (१) विद्यालय समायोजन वा तह तथा कक्षा घटाइए पछि विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षकहरूलाई गाउँ पालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान गर्ने साथै उक्त कार्य सम्पन्न नहुँदासम्मको लागि समायोजन भएको विद्यालय वा पायक पर्ने शिक्षक अभाव भएका अन्य विद्यालयमा गाउँ शिक्षा समितिबाट निर्णय गरी खटाउन सकिनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि वा पछि विद्यालय समायोजन भई बन्द भएका/हुने स्वीकृति प्राप्त विद्यालयको तहगत संख्या गाउँपालिकाको पुलमा रहनेछ । त्यसरी पुलमा रहेको विद्यालय संख्यामा नबढाई गाउँपालिकाभित्र नक्सांकनका आधारमा विद्यार्थी संख्या र पूर्वाधार पूरा भएका स्थानमा विद्यालय खोल्न आवश्यक देखिएमा गाउँ शिक्षा समितिले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ ।

(३) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको स्थायी कर्मचारी समेत समायोजन भई बनेको माउ विद्यालयमा स्वतः समायोजन भएको मानिनेछ । समायोजन भएको कर्मचारीको व्यवस्थापन गर्न अर्को व्यवस्था नहुञ्जेलसम्म समायोजन पश्चात बनेको माउ विद्यालयमा नै पुल दरबन्दीमा गाउँपालिकाले व्यवस्थापन गर्नुपर्नेछ । सम्बन्धित वडा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका विद्यालय कर्मचारीहरूलाई व्यवस्थापन गरिनेछ ।

(४) विद्यालय समायोजन पश्चात समायोजन भई जाने विद्यालयको प्रारम्भिक बाल शिक्षामा कार्यरत सहजकर्तालाई प्रारम्भिक बाल शिक्षा सहजकर्ता नभएको विद्यालयमा समायोजन गरिनेछ ।

७. **विद्यालय समायोजन पश्चात गर्नुपर्ने भौतिक व्यवस्थापन** : (१) विद्यालय समायोजन भएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यक्रम, पाठ्यसामग्री, कम्प्यूटर फोटोकपी मेसिन लगायतका विद्युतीय उपकरणहरू, ल्याब लगायतका अन्य शैक्षिक सामग्रीहरू समायोजन भई बनेको माउ विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(२) विद्यालय समायोजन पश्चात माउ विद्यालयमा शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला न्यूनतम मूल्य कायम गरी आवश्यक कारबाहीका लागि सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ र गाउँ शिक्षा समितिले समर्थन गरेको मुल्यमा लिलाम बिक्रि गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) अनुमति वा स्वीकृति रद्ध गरिएको वा बन्द गरिएको विद्यालयको चलअचल सम्पति गाउँ शिक्षा समितिको सिफारिसमा समायोजन पश्चात बनेको माउ विद्यालय वा नजिकको विद्यालयले प्रयोग गर्न पाउनेछ ।

## परिच्छेद–३
## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

८. **दरबन्दी मिलान समिति** : (१) यस कार्यविधि बमोजिम दरबन्दी मिलान गर्नको लागि देहायको दरबन्दी मिलान समिति रहनेछ :–

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ग) पालिकास्तरीय शिक्षक महासंघको प्रमुख | सदस्य |
| (घ) गाउँ शिक्षा समितिको संयोजकले तोकेको एक जना कार्यपालिका सदस्य | सदस्य |
| (ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा शिक्षा क्षेत्रका विज्ञहरूलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ ।

(३) उल्लेखित समितिले दरबन्दी मिलानको प्रतिवेदन र सो सम्बन्धी कार्यलाई गाउँ शिक्षा समितिबाट स्वीकृति गराई कार्यान्वयन गर्नुपर्नेछ ।

९. **शिक्षक दरबन्दी मिलान** : शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ :—

(क) गाउँ शिक्षा समितिले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा संभव भएसम्म न्यूनतम रूपमा प्रति कक्षा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरूमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गरिनेछ।

(ख) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरूलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका वा समायोजन भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहाय बमोजिमका आधारहरू लिइनेछः-

| क्र.स. | कक्षा | न्यूनतम शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| १ | १-३ | ३ | १:४५ | प्रारम्भिक बालशिक्षा समेत (समावेशी ढाँचामा) |
| २ | १-५ | ४ | १:४५ | प्रारम्भिक बालशिक्षा समेत (समावेशी ढाँचामा) |
| ३ | ६-८ | ३ | १:४५ | भाषा, गणित/विज्ञान र सामाजिक |
| ४ | ९-१० | ३ | १:४५ | भाषा, गणित/विज्ञान र सामाजिक |
| ५ | ११-१२ | २ | १:४५ | नेपाली र अंग्रेजी |

(ग) अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भए तापनि प्रत्येक शैक्षिक सत्रको असोज मसान्तभित्र अनलाईन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क तथा विद्यालयको विद्यार्थी संख्या पालिकाका आधारभूत, माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूका लागि शिक्षक विद्यार्थी अनुपात ४५ लाई पालिकाको शिक्षकको मौजुदा अवस्था र आश्यकता पहिचानको आधारको रूपमा लिइनेछ।

(घ) यस कार्यविधिमा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्या भन्दा बढी भएका विद्यालयमा सोही बमोजिम शिक्षक विद्यार्थी अनुपातलाई आधार मानी तहगत वा विषयगत रुपमा कनिष्ठता (नियुक्ति) का आधारमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ।

(ङ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आई रहेका विद्यालयहरूमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापन प्राथमिकतामा राखिनेछ।

(च) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तोकिएको भन्दा माथिल्लो तहको शैक्षिक योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा शिक्षक स्वयंको इच्छाले जान चाहेमा तहगत वा विषयगत रूपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिनेछ।

(छ) दरबन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक (महिला शिक्षा परियोजना समेत) निम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक तहको दरबन्दी, राहत अनुदान तथा पालिकाको अनुदान समेत गणना गर्ने,

(ज) शिक्षक आवश्यकताको पहिचान गर्दा पालिकाका वडागत रूपमा प्राथमिक तह तर्फका विद्यालयमा बचत हुन आउने दरबन्दी र निम्न माध्यमिक तथा माध्यमिक तहको प्रायः सबै वडामा दरबन्दी अपुग हुने र आवश्यक संख्यामा दरबन्दी स्वीकृत हुन नसक्दासम्म अपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरबन्दी तथा पालिकाबाट आवश्यक अनुदान शिक्षक/शिक्षण स्वयंसेवकको व्यवस्था गरी पूर्ती गर्ने,

(झ) दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिंदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्दी पालिकामा पुलमा राखी शिक्षक दरबन्दी कम भएका विद्यालयमा मिलान तथा पुनर्वितरण गर्ने,

(ञ) विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारणबाट दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलानको कार्य सम्पन्न नभएसम्म त्यस्ता विद्यालयले रिक्त पदपूर्ती नगर्ने।

**१०. पुलमा रहेको दरबन्दी व्यवस्थापन** : (१) कार्यविधिको दफा ९ बमोजिम तोकिएको शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरबन्दीलाई पुल दरबन्दीको रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिमको पुल दरबन्दीलाई सोही विद्यालय तथा स्थानीय तहको निम्न माध्यमिक, माध्यमिक (कक्षा एघार र बाह्र समेत) तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी बाँकी भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजिम कायम भएको पुल दरबन्दीमा गाउँपालिकाको माथिल्लो तहको अध्यापन हुने विद्यालयहरुमा शिक्षक नपुग भएमा दफा ५ बमोजिम माथिल्लो तहमा गणना हुने पुल दरबन्दी कट्टा गरी बचत हुन आउने दरबन्दीलाई खुद पुल दरबन्दी मानिनेछ र यस्तो दरबन्दी पालिकाको पुल दरबन्दीमा रहनेछ ।

(४) गाउँपालिकाले यकीन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्नुपर्नेछ । त्यसरी मिलान गर्दा अपाङ्गता भएका र महिला शिक्षकलाई सम्भव भएसम्म पायक पर्ने गरी मिलान गर्नुपर्नेछ ।

(५) यसरी दरबन्दी पुनर्वितरण गर्दा ज्यादै आवश्यकता देखिएको गाउँपालिकाको प्राथमिकताक्रमको आधारमा अनुपातिक रुपमा गर्नुपर्नेछ ।

**११. शिक्षक व्यवस्थापनका आधारहरु** : दफा १० को उपदफा (३) बमोजिम खुद पुलमा रहेको दरबन्दी गाउँपालिकाले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापन गर्नुपर्नेछ :–

(क) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने,

(ख) राहत अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने,

(ग) खुद पुल दरबन्दी पुनर्वितरण गरेको वा गरिने अवस्थामा स्वेच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने तर यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गर्ने ।

(घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षकको संख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकी दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(ङ) करारमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(छ) जिल्लान्तर सरूवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारी भएको मिति संवत् २०७२ साल असोज ३ गतेसम्मको कनिष्ठताको प्राथमिकताक्रम तयार गरी निजहरुको स्थानान्तरण गर्ने,

(ज) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम शिक्षक स्थानान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकी रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने,

(झ) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति, पत्नी एकै वडामा पर्ने गरी मिलान गर्न प्राथमिकता दिने ।

**१२. दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा गाउँपालिकाको भुमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा गाउँपालिकाको भुमिका देहाय बमोजिम हुनेछ :–

(क) शिक्षक दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यको सहजिकरण गर्ने,

(ख) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा समन्वय इकाई तथा मातहतका निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजिकरण गर्ने,

(ग) दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि आवश्यक आधारहरु तयार गरी कार्यान्वयन गर्ने,

(घ) पालिकामा रहेका दरबन्दी र खुद पुल दरबन्दी यकिन गरी शिक्षक दरबन्दी मिलान तथा पुलमा रहने शिक्षक दरबन्दीको सूची प्रकाशन गर्ने,

(ङ) दरबन्दी मिलानको लागि गाउँपालिकाबाट प्रकाशित सूचीका सम्बन्धमा प्राप्त गुनासोको सम्बोधनको लागि सहजिकरण गर्ने,

(च) दरबन्दी पुनर्वितरण गर्दा दरबन्दी सहित अर्को विद्यालयमा जान चाहने शिक्षकको निवेदन आह्वान गर्ने साथै यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम शिक्षकको स्थानान्तरण गर्ने,

(छ) गाउँपालिकाभित्र रहेका शिक्षक दरबन्दीलाई कार्यविधिमा भएको व्यवस्था बमोजिम प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा तथा अन्य तहमा विषयगत आधारमा पुनर्वितरण गर्ने,

(ज) विद्यालयहरूसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण अध्यावधिक गर्ने,

१३. **दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा विद्यालयको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) प्रत्येक शैक्षिक सत्रको विद्यार्थी र शिक्षक संख्या अनलाईन सूचना प्रणालीमा परिवृष्ट गरी अपडेट गर्ने,

(ख) स्थानान्तरण गरिएका शिक्षकहरूलाई यथाशक्य छिटो रमाना दिई पठाउने र रमाना लिई आएका शिक्षकलाई विद्यालयमा हाजिरी गराई सो को जानकारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिने,

(ग) विद्यालयमा रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रत्येक महिना अध्यावधिक गर्ने,

(घ) गाउँपालिकासँग शिक्षक दरबन्दी मिलान, व्यवस्थापन तथा सरूवा सम्बन्धी आवश्यक समन्वय गर्ने,

(ङ) दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजिकरण गर्नुपर्ने ।

१४. **दरबन्दी पुनर्वितरण गर्ने समयावधि** : (१) पालिकाले यस कार्यविधिको परिच्छेद २ अनुसारको आधारमा पालिकाभरका शिक्षक दरबन्दी वितरणको अवस्था र खुद पुलमा रहेको तथा नपुग दरबन्दी समेत तहगत रुपमा किटान गरी पालिकाको वेवसाइट तथा सञ्चार माध्ययको प्रयोग गरी प्रकाशन गर्नुपर्नेछ ।

(२) यसरी किटान गरिएका दरबन्दीहरू आवधिक रुपमा चैत्र मसान्तभित्र यसै कार्यविधि अनुसार प्राथमिकता तोकी वितरण गरी नयाँ शैक्षिक शत्रको शुरू हुँदाको बखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण मिलाउनु पर्नेछ ।

(३) दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि गर्नुपर्ने काम र समय सीमा तोकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

१५. **शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने** : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रूपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

१६. **विद्यालयले अनिवार्य रूपमा हाजिर गराउनु पर्ने** : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

१७. **प्रधानाध्यापक जिम्मेवार हुने** : यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बिन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेद–४

## शिक्षक सरूवा व्यवस्थापन सम्बन्धी व्यवस्था

१८. **शिक्षक, विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताको आन्तरिक सरूवा हुने :** (१) देहाय बमोजिमको अवस्थामा स्थायी, राहत तथा करार शिक्षक र विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताहरूको गाउँपालिकाभित्र आन्तरिक सरूवा हुनेछ :–

(क) न्यूनतम दुई वर्ष एकै विद्यालयमा अध्यापन गरेका शिक्षक तथा विद्यालय कर्मचारीले अर्को विद्यालयमा सरूवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरूवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ तथा छानविन गरी गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरबन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको पालिकाभित्रको विद्यालयमा आन्तरिक सरूवा गर्न सक्नेछ ।

(ख) अधिकतम पाँच वर्ष एकै विद्यालयमा अध्यापन गरेकालाई गाउँ शिक्षा समितिले निर्णय गरी अर्को विद्यालयमा सरूवा गर्न सक्नेछ । यसरी सरूवा गर्दा अर्को विद्यालयको छनौट, सम्बन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुनेछ । तर सो विद्यालयमा शिक्षकको विषय दरबन्दी खाली हुनुपर्नेछ । यसरी सरूवा गर्दा महिला शिक्षक तथा अपाङ्गता भएका शिक्षकलाई प्राथमिकता दिनुपर्नेछ ।

(ग) विशेष अवस्थामा बाहेक शिक्षकको सरूवा शैक्षिक सत्रको शुरू महिनामा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले देहायको अवस्थालाई बुझिनेछः-

१. तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्याललय निरीक्षकबाट सिफारिस भएको अवस्था,

२. एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

३. दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा वा विषयगत दरबन्दी आवश्यक नभएमा,

४. विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

५. नैतिक आचरण तथा निजको अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखी रहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

६. कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

७. पतिपत्नी दुवै शिक्षक रहेको अवस्थामा भए सकभर एकै विद्यालय वा वडाभित्र पर्ने गरी सरूवा गर्नुपरेमा,

८. गम्भिर स्वास्थ्य समस्या देखिएमा,

९. अन्य चित्तबुझ्दो कारण रहेको भनी गाउँ कार्यपालिकाको बैठकले ठहर गरेमा ।

(२) यस कार्यविधि बमोजिमको अविधि पुगेका शिक्षक तथा कर्मचारीहरूको साविक तह तथा अध्यापन गर्ने विषय फरक नपर्ने गरी प्रत्येक शैक्षिक सत्रको अन्तिम महिनामा आवेदन संकलन गर्ने र क्रमागत नयाँ शैक्षिक सत्रको पहिलो महिनाभित्र सरूवा गरिनेछ ।

(३) शिक्षक वा कर्मचारीलाई दरबन्दी नभएको, दरबन्दी रिक्त नरहेको वा दरबन्दी रिक्त भएपनि विषय नमिलेको विद्यालयमा सरूवा वा नियुक्ति गरिनेछैन ।

(४) स्थायी नियुक्ती भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधी बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गरिने छैन ।

(५) उपदफा १ को (क) र (ख) बमोजिम सरूवा गर्दा लामो अवधि एकै विद्यालयमा बसेकालाई पहिलो प्राथमिकता दिइनेछ भने सम्भव भएसम्म अपाङ्गता भएका तथा महिला शिक्षकहरूलाई पायक पर्ने स्थानमा सरूवा गरिनेछ।

(६) सरूवा भएको एक्काइस दिन भित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई तोकिएको ढाँचामा रमाना दिई सोको जानकारी सम्बन्धित विद्यालय र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनु पर्नेछ।

## परिच्छेद–७
## विविध

१९. **सहयोग लिन सक्ने** : गाउँपालिकाले पालिकाभित्र विद्यालय समायोजन, दरबन्दी पुनर्वितरण तथा शिक्षकहरूको सरूवा गर्दा आइपर्ने समस्या समाधानका लागि जिल्ला समन्वय समिति रोल्पाको सहयोग लिन सक्नेछ।

२०. **समन्वय र गर्ने** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजिकरण गर्नु पर्नेछ।

२१. **सहजीकरण, समन्वय तथा सहयोग गर्नुपर्ने** : नेपाल शिक्षक महासंघ तथा शिक्षकका पेशागत संघसंगठन, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय सरोकारवालाहरुले विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा शिक्षकको सरूवाको सम्बन्धमा गाउँपालिकाले गरेका कार्यहरूमा आवश्यक समन्वय र सहयोग गर्नुपर्नेछ।

२२. **बाझिएमा अमान्य हुने :** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।